# तेमाल गाउँपालिका विनियोजन ऐन , २०८०

तेमाल गाउँपालिकाको आर्थिक वर्ष ०८०।०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०८०।०३।१४

**प्रस्तावनाः** तेमाल गाउँपालिकाको आर्थिक वर्ष ०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ कोउपधारा (२) बमोजिम तेमाल गाउपालिकाको गाउँसभाले ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम "तेमाल गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष ०८०।०८१ को निम्ति सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष ०८०।०८१ निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा कार्यहरुको निमित्त अनुसूची १ मा उल्लेखित चालु, पुँजीगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत गरी जम्मा रकम रु ५४७६३८७३४ (अक्षरुपी चौउन छहत्तर लाख अठतीस हजार सात सय चौतिस रुपैया) मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष ०८०।०८१ को निमित्त तेमाल गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यापालिकाले बचत हुने शिर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्त तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च व्याज भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूंजीगत खर्च र वित्तीय व्यवस्थापनको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएका भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्च परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान, २०७२ को धारा २२९(२) बमोजिम

तेमाल गाउँपालिकाको संचितकोषबाट विनियोजित हुने रकम

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | | गाउँपालिका तथा वडा कार्यालयहरु | २९२६३८७३४/- | २५५०००००/- | ५४७६३८७३४/- |
| २ | | ऋणको साँवा व्याज भुक्तानी | | | |
| ३ | | लगानी (शेयर र ऋण) | | | |
| | | जम्मा | २९२६३८७३४/- | २५५०००००/- | ५४७६३८७३४/- |